लेखापरीक्षण प्रतिवेदन

किस्पाङ गाउँपालिका, नुवाकोट

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

किस्पाङ गाउँपालिका, नुवाकोट

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/344

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
किस्पाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
काहुले नुवाकोट।

कैफियतसहितको राय

हामीले गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी हरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरण ले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. किस्पाङ गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू. ८ करोड ३७ लाख ८४ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू..२० लाख ४० हजार समेत गरी रू८ करोड ५८ लाख २४ हजार सुत्रमा समावेश गरेको छैन।

२. गाउँपालिकाको रु.९४ करोड ३६ लाख ७१ हजारको लेखापरीक्षण गरिएकोमा रू.१ करोड ६२ लाख ८१ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.१२ लाख ३५ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१५ लाख ३२ हजार , प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३० लाख ६ हजार, नियमित गर्नुपर्ने रु.९९ लाख ६१ हजार र सोधभर्ना नलिएको रु.५ लाख ४७ हजार रहेको छ। गत वर्षसम्म रु.९ करोड ६९ लाख ९५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१० करोड ७१ लाख ५७ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन।लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने किस्पाङ गाउँपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी किस्पाङ गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
६२	३५	१,६२,८१,६०३	०	७	१२,३५,१८७	०	६२	२८	१,५०,४६,४१६	१५,३२,४८०	९९,६१,६१३	३०,०५,६२३	०	५,४६,६९९	१,३५,१३,९३५	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
नुवाकोट	९,६९,९५,०००	०	४८,८४,३५७	९२११०६४३	०	१,५०,४६,४१६	१०७१५७०५९

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	६०	रितपुर्वकको कर बिजक	६,६१,५५०
२	२०८०/८१	६८	राजस्व असुली -	२,२०,४१९
३	२०८०/८१	५६र५९	पुर्वनिर्धारीत क्षतीपुर्तिः	१,८८,५४०
४	२०८०/८१	५७	पुर्वनिर्धारीत क्षतीपुर्ति	४५,७७८
५	२०८०/८१	८०	दोहोरो सुविधाः	१,१८,९००
६	२०७९/८०	९०	बैठक भत्ता	१५,३००
७	२०७९/८०	९०	बढी दरमा बैठक भत्ता	४,५००
८	२०७९/८०	६५	पूर्वनिर्धारित क्षतिपूर्ति	६०,७३२

९	२०७९/८०	७१	दोहोरो बिजक नं जारी गरेको	११,५१,३६७
१०	२०७९/८०	८२	अनुगमन भत्ता	५,९५०
११	२०७९/८०	८०	अनुगमन तथा सञ्चार समन्वय भत्ता	१,७००
१२	२०७८/७९	३६	नमुना विद्यालयको शैक्षिक सुधार अनुदान	१०,००,०००
१३	२०७८/७९	१३६र ४८७	कागजात पेश	३,१६,४५०
१४	२०७८/७९	३२	करकट्टी नगरेकोः	७,०००
१५	२०७८/७९	३९	ICT LAB अनुदान सम्बन्धमा	४,३६,१६०
१६	२०७९/८०	३०	पेश्की फछ्र्यौट	६,००,०००
१७	२०७८/७९	२०	कोभिड १९ तथा प्रकोप व्यवस्थापन कोष	५,०९,१९८
१८	२०७८/७९	१०	अनुदान फिर्ताः	७,३६,०००
१९	२०७७/७८	३९।१	बढी भुक्तानीः	४०,०००
जम्मा				६१,१९,५४४

नोटः गत विगतको सम्परीक्षणको सन्दर्भमा आवश्यकता अनुसार आर्थिक वर्ष थप गर्न सकिनेछ ।

लेखापरीक्षण बक्यौताको विवरण

कार्यालय कोड	कार्यालयको नाम

(८०३२९५०२३०० - किस्पाङ गाउँपालिका, नुवाकोट)

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल ८२.५७ वर्ग किलोमिटर तथा १४८६१ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।५।१५ देखि २०८१ ।५।१७ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ रु.९४३६७१४२६।०० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ४२५० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	नेपाल बैक लिमिटेडमा भौचर ६८८६५०८३ मिति २०८१।५।१६ मा बढी भुक्तानी भत्ता रकम स्थानीय संचित कोषमा दाखिला भएको प्रमाण पेश भएको छ।	४२५०

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण सम्बन्धमाः-**

२.१ **एकीकृत आयव्ययः** पालिकाको आर्थिक वर्ष २०८०।८१ को एकीकृत आयव्यय निम्नानुसार रहेको छ ।

सि.नं	आयतर्फ		सि.नं	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१	**गत वर्षको जिम्मेवारी**	**१६२९२३२०**	**१**	**चालु खर्च**	**२११८०७०००**
	क) स्थानीय तह संचितकोष	९६३१८६०	**२**	**पूँजीगत खर्च**	**११९५६८०००**
	ख) धरौटी	६३१०२०८	**३**	**विषयगत निकायको खर्च**	**८५८२४९०७**
	ग) प्रकोप व्यवस्थापन कोष	३५०२५२		क) सामाजिक सुरक्षा तथा संरक्षण	८३७८४९०७
२	**राजस्व (आन्तरिक आय)**	**८६४३१७६२**		ख) स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम	२०४००००
	क) आन्तरिक राजस्व (दहत्तर बहत्तरको ६० प्रतिशत र मालपोत समेत)	१७३९२४२२	**५**	**धरौटी फिर्ता**	**१५५१९१२**
	ख) राजस्व बाँडफाँड	६९०३९३४०	**६**	**शसर्त अनुदान फिर्ता**	**४१२१८३७८**
३	**वित्तीय हस्तान्तरण संघ**	**२३१०९३२५०**	**७**	**कोष खर्च**	**९४०७०५२**
	क) वित्तीय समानीकरण अनुदान	६७३३२०००		क) विविध खर्च खाता	९२०७०५२
	ख) सशर्त अनुदान	१४९७६१२५०		ख) प्रकोप व्यवस्थापन कोष खाता	२०००००
	ग) समपूरक अनुदान	५००००००	८	**मौज्दात**	**२१२०९२४८**
	घ) विशेष अनुदान	९००००००		क) स्थानीय तह संचित कोष	११६८०९३२
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**	**५७११७४३६**		ख) धरौटी मौज्दात	७८५२३९६
	क) वित्तीय समानीकरण अनुदान	६४७६०००		ग) प्रकोप व्यवस्थाप कोष खाता	१५०२५२
	ख) सशर्त अनुदान	२३१४१४३६		घ) विविध खर्च खाता	१५२५६६८
	ग) समपुरक अनुदान	२०००००००			
	घ) विशेष अनुदान	७५०००००			
५	**विषयगत निकायबाट प्राप्त**	**८५८२४९०७**			
	क) सामाजिक सुरक्षा तथा संरक्षण	८३७८४९०७			
	ख) स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम	२०४००००			
६	**धरौटी आय**	**३०९४१०२**			
७	**विविध खर्च खाता (सडक बोर्ड समेत)**	**१०७३२७२०**			
	जम्मा	**४९०५८६४९७**		**जम्मा**	**४९०५८६४९७**

२.२

वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-०१) सम्बन्धमा निम्नअनुसार देखिएको छः

(विस्तृत विवरण बेरूजु दफा २.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.३ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ। भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.८३७८४९०७।०० र स्वास्थ्यक्षेत्र सुधार कार्यक्रमको रु.२०४००००.०० गरी रु.८५८२४९०७।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार म.ले.प.फा.नं. २७० मा समावेश हुनुपर्दछ ।

२.४ **फरक हिसाब**–यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०-१) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.४२९५१४६.००, यस वर्षको प्राप्ति रु.१४८५७२६५९.००, यस वर्षको भुक्तानी रु.१३८००१५३२.०० र बैङ्क मौज्दात रु.७७०३२७१.०० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७०-१ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	**गतवर्षको जिम्मेवारी**	**यसवर्षको प्राप्ति**	**यसवर्षको भुक्तानी**	**बैङ्क मौज्दात**
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	२,०५,८७,४६५.७९	३२,५७,२१,५१८.८०	३३,१३,७५,७१७.८८	१,३५,०५,९७७.०७
एकीकृत आर्थिक विवरणअनुसार	१६२९२३२०	४७४२९४१७८	४६९३७७२५०	२१२०९२४८
फरक	४२९५१४६।७९	१४८५७२६५९।२०	१३८००१५३२।१२	७७०३२७०।९३

२.५ **फरक जिम्मेवारी** -पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार एकीकृत आय व्ययमा रु.१५३४१८६६।०० तथा सुत्र अनुसार रु.४२७०८६६४।१६ बाँकी देखाएकोले रु.२७३६६७९८।०० ले फरक रहेको उल्लेख गरे तापनि लेखापरीक्षण प्रतिवेदनको दफा १.६ अनुसार सुत्रमा रु.४२७०८६६४।१६ देखिएको तर बैंक स्टेटमेन्टमा रु.४३५३४२१०।०० देखिएको उल्लेख गरेको अवस्थामा बास्तविक मौज्दात रु.१५३४१८६६।०० देखाएको सम्वन्धमा एकीन हुन नसकिएकोले सो सम्वन्धमा पालिकाबाट एकीन गरी जिम्मेवारी सार्नुपर्दछ । पालिकाको गत वर्षको बैंक स्टेटमेन्ट अनुसार रु.४३५३४२१०।०० मौज्दात रहेकोमा प्रदेश तथा संघीय संचितकोषमा रु.२८१९२४४६।५१ श्रावणमा फिर्ता गरेको र उक्त फिर्ता खर्चको भौचर नउठाएकोले फरक देखिएको जनाएको छ । सरकारी रकम खर्च गर्दा हरेक खर्चको भौचर उठाउनुपर्नेमा सो नठाएकोले नियमानुसार समयमा रकम फिर्ता गरी सोको आर्थिक कारोबारको लेखा प्रणालीमा अभिलेख राख्नुपर्दछ ।

२.६ **बैंक मौज्दातः** सुत्रले देखाएको बैंक मौज्दात र एकीकृत आर्थिक विवरणले देखाएको बैंक मौज्दात भिडान हुनुपर्दछ । सुत्रमा देखाएको बैंक मौज्दात र एकिकृत आर्थिक विवरणले देखाएको बैंक मौज्दात भिडान हुनु पर्दछ। एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०-१) बैंक मौज्दातमा रु. १,३५,०५,९७७.०७ देखिएकोमा र एकीकृत आर्थिक विवरणमा रु.२१२०९२४८।०० देखिएकोले रु. ७७०३२७०।

९३ ले बढी देखिन्छ । पालिकाले पेश गरेको बैंक हिसाब विवरण अनुसार स्रेस्तामा समेत रु.२१७२७६३९।८८ देखिएको छ । सुत्रमा देखाएको मौज्दातमा धरौटी मौज्दात रु.७८५२३९६.०० नदेखिएको जनाएको छ । सुत्रमा रु.५,४३,६०५.५५ unverified देखाएकोले सो समेत रु.२१९०१९७८।५५ हुने देखिएकोले बैंक हिसाव मिलान विवरण र एकीकृत आर्थिक विवरणको मौज्दातमा रु.१४९१२५।१० ले मात्र फरक रहेको छ । सो सम्वन्धमा हिसाब मिलान तयार गर्नुपर्दछ ।

२.७ **सुत्रमा फरक मौज्दातः** पालिकाको सुत्र म.ले.प.फा.नं.२७० को वित्तिय प्रतिवेदन टिप्पणी ६.२ मा नगद तथा बैंक मौज्दात अनुसार मौज्दात रु.१,५०,०९,२२७.०७ देखिएकोमा सुत्रको भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-०१)प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) मा आर्थिक वर्षको अन्तको बाँकी नगद तथा बैंक मौज्दात रु. १,३५,०५,९७७.०७ देखिएकोले रु.१५०३२५०।०० फरक देखिएको सम्वन्धमा एकीन हुनुपर्दछ ।

२.८ **बैङ्क हिसाब विवरण** -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

खाता	स्रेस्ताअनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.
स्थानीय तह सञ्चित कोष खाता	११६८०९३१	११७१५५३७।६७	३४६०५।६७
चालु खर्च खाता	०	०	०
पुँजीगत खर्च खाता	३५३२३	३५३२३	०
विविध खर्च खाता	१५२५६६८	१५९२८३५।९९	६७१६७।९९
प्रकोष व्यवस्थापन कोष	१५०२५२	१५३२५२	३०००
स्थानीय विभाज्य कोष	०	०	०
कर्मचारी कल्याण कोष खाता	०	०	०
धरौटी	७८५२३९५।८८	७८५२३९५।८८	०
ग१.१, आन्तरिक राजस्व खाता	४८३०६३।००	५७८३१३।६७	९५२५०।६७
ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	०	०
बैङ्क	२१७२७६३३।८८	२१९२७६५८.२१	२०००२४।३३
जम्मा			२०००२४।३३

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

३ **कर दायित्व** –

पालिकाले तयार गरेकोवित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०-०१) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. १,०५,४९१.०० देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,०५,४९१

४ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,
- भ्रमण खर्च नियमावली २०६४ को नियम २१ बमोजिम भ्रमण अभिलेख खाता र नियम १८ बमोजिम भ्रमण प्रतिवेदन नराखी खर्च लेखेकोले अनिवार्य रुपमा भ्रमण अभिलेख राखि भ्रमण प्रतिवेदन लिनुपर्दछ,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ,
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो,
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ,
- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ ३९(८) बमोजिम कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ,
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाईएन ,
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,
- सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम योजनाको लागत अनुमान स्वीकृत तथा योजना सम्झौता कार्यालय प्रमुखले गर्ने उल्लेख भएकोमा पालिकाको कार्यपालिका निर्णयबाट रु.५ लाख सम्मको योजनामा वडा सचिवलाई सम्झौता गर्ने अधिकार दिएको देखियो । आर्थिक भार पर्ने कार्यको सम्झौता अख्तियारी प्राप्त अधिकारीले मात्र सम्झौता गर्नुपर्नेमा वडा सचिवलाई सम्झौता गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ,
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांस पालना भएको पाईएन,
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ,
- वागमती प्रदेश स्थानिय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ८ वमोजिम अनुसुची ५ को ढाँचामा कार्यविवरण तयार गरी लागु नगरेको ,
- म.ले.प फारामहरुः कार्यालयले परिमार्जित म.ले.प. फारमहरुको आशिक रुपमा प्रयोग गरेको छ। अतः परिमार्जित म.ले.प. फारमहरुको पूर्ण रुपमा लागू गर्नुपर्ने ,
- वडामा सिफारिस दस्तुर लिदा सिफारिस दस्तुरको चलानी रजिष्टर समेत भिडाई राजश्व दाखिला रकम एकिन गर्नुपर्नेमा चलानी रजिष्टर पेश भएन,

- प्रदेश आर्थिक ऐन २०८० को दफा ९(१) बमोजिम ढुङ्गा,चुनढुङ्गा, खरिढुङ्गा गिट्टि , ग्राभेल, रोडा , बालवा (स्वीकृत खानी क्षेत्र बाहेक) को प्रतिघनफिट रु.९ कादरले शुल्क पालिकाको आर्थिक ऐनमा समेत व्यवस्था गरी असुल गर्नुपर्नेमा उपभोक्ता समितिबाट निर्माण काममा प्रयोग भएको उक्त सामग्रीको मुल्याङ्कन भएको परिमाण बराबरको रकम असुल गरेको देखिएन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

५ **सेवा प्रवाह :**

पालिकाले स्थानिय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ अनुसारका सेवाहरु पालिकावासीलाई प्रदान गर्नुपर्दछ। आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म, मृत्यु, विवाह दर्ता, बसाईसराई, विद्युत मिटर सिफारिस, निःशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी अभिलेखिकरण गरिनु पर्दछ। पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ।

विवरण	**जम्मा**
स्वीकृत घरनक्सा दर्ता पास	0
पञ्जिकरणतर्फ	
जन्मदर्ता	३६८
मृत्युदर्ता	१५१
बसाईसराई दर्ता	५
विवाह दर्ता	१८८
सम्बन्धविच्छेद दर्ता	३४
पूर्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण	१वटा २० किमि
कालोपत्रे सडक मर्मत	0
ग्राभेल सडक निर्माण	१ वटा ७.३ किमि
ग्राभेल सडक मर्मत	१वटा १.२ किमि

पालिकाबाट प्रदान हुने सेवा लिन आएको अवस्थामा बाहेक पनि जनचेतनामा वृद्धि एवं प्रचारप्रसार गरी पंजिकरण तर्फ घटना पश्चात अनिवार्य दर्ता गराउन जागरुक गराउनु पर्ने र पुर्वाधार विकास तर्फ वार्षिक बजेट र आवधिक योजनासँग तादाम्यता मिलाई लक्ष्य वमोजिम प्रगति हासिल गर्नुपर्दछ ।

६ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारिण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरे पनि समयसिमाभित्र उपलब्ध

गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

७ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

८ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु ४६ करोड ३८ लाख ३५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१०मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

९ लक्ष्य प्रगति :

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७को नियम ३५ (१) बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुचि २ बमोजिमको ढाचा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्दछ। कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

		वार्षिक प्रगति स्थिति				
कार्यक्रम/ योजना	कुल कार्यक्रम	शून्य प्रगति	२५% सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति	७५ % भन्दा बढी प्रगति
कार्यक्रम संख्या	५५४(कार्यक्रम समेत)	१४२	१७	२०	०	३७५

साथै ५५४ वटा कूल कार्यक्रम मध्ये १४२ वटा कार्यक्रमको शुन्य, १७ वटाको २५ प्रतिशतसम्म र २० वटाको ५० प्रतिशतसम्म प्रगति भएको देखियो । अतः लक्ष्य वमोजिम प्रगति हुनेगरी कार्यक्रम संचालन गर्नुपर्दछ ।

१० आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई सो अनुसार वार्षिक बजेट तथा कार्यक्रम तयार गर्नुपर्दछ । पालिकाले आवधिक योजना २०७८।७९-२०८२।८३ बनाए पनि पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना बमोजिम बजेट र कार्यक्रम तयार गर्नुपर्दछ ।

११ वार्षिक खरिद योजना/गुरुयोजना :

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.११९५६८६०१.०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१२ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ५ वडाको लागि वडागत १०९ र पालिकास्तरका ९९ गरी कुल २०८ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २०लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१	पालिकास्तरीय (पुजीगत योजना मात्र)	९९	१८	२४	५७
२	वडास्तरीय (पुजीगत योजना मात्र)	१०९	०	१८	९१
	जम्मा	२०८	१८	४२	१४८

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २०७ योजनामात्र कार्यान्वयन भई १ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१३ क्षेत्रगत बजेट र खर्चको स्थितिः

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	**क्षेत्र**	**बजेट**	**खर्च**	**कुल खर्चको तुलनामा खर्च प्रतिशत**
१	आर्थिक विकास	३९४७५०००	२५७०३९३३	७.७६
२	पूर्वाधार विकास	११०४९५०००	८२९९५३८७	२५.०४
३	सामाजिक विकास	२३३५८३४३६	१६५८८९४१५	५०.०६
४	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	८५१२०००	३५७९४७३	१.०८
५	अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक	७५५८५०००	५३२२७५०९	१६.०६
जम्मा		**४६७६५०४३६**	**३३१३९५७१८**	१००.००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५०.०६ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा १.०८ प्रतिशत रहेको छ ।

१४ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ (१) बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले अनुसुची २ वमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले तोकिएको अवधिमा तोकिएको लक्ष्य अनुसार कार्यक्रम संचालन गरी खर्च गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	११९५६८६०१	२५९५६८२	२३५५९२७	१८७८११०६	९५८३५८८६	४८८९४५४१
प्रतिशत	११९५६८६०१	२.१७	१.९७	१५.७१	८०.१५	४०.८९

माथी उल्लेखित तालिका अनुसार वार्षिक रु.११९५६८६०१.०० निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. २५९५६८२.०० (२.१७प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२३५५९२७.०० (१.९७ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.१८७८११०६.०० (१५.७१ प्रतिशत) र चौथो त्रैमासिकमा रु.९५८३५८८६.०० (८०.१५ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.४८८९४५४१.०० (४०.८९) प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ। वर्षान्तिमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१५ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.१,०७,९६,०६१.७८, राजस्व बाँडफाँड र अनुदानबाट रु. ३५८२१३१८९.५८ समेत रु.३८४२७४३१०.१२ आम्दानी भएकोमा चालु तर्फ रु.२११८०७०००।०० र पूँजिगत तर्फ रु.११९५६८०००।०० र वित्तीय ब्यबस्था तर्फ रु.३९८४०००.०० समेत रु.३३५३५९०००।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.९०प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.३९८४०००।०० खर्च भएको छ जुन आन्तरिक आयको ३६.९० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६३.१६ प्रतिशत चालु र ३५.६५ प्रतिशत पूँजिगत, १.१९ प्रतिशत वित्तिय व्यवस्थामा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१६ **कानून र सञ्चालन स्थिति–**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३२ वटा ऐन, ५ वटा नियमावली, ६६ वटा कार्यविधि ४ वटा निर्देशिका लगायत १०७ वटा कानुन निर्माण गरी राजपत्रमा प्रकाशित गरेको छ।अतः कानुन पुर्ण रपमा कार्यान्वियनमा ल्याउनुपर्छ।

१७ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्योँट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो वर्ष

थप भएको २१ गरी कुल २३ विवाद दर्ता भएकोमा १० वटा मात्र फस्यौंट भई १३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१८ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

१९ **अनुदानको अनुगमन**–

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। पालिकाले उत्पादनमा आधारित दुध विक्रिवितरणमा प्रतिलिटरका दरले रु.५०००००.०० अनुदान खर्च लेखेको छ । यस वर्ष बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । गत विगत वर्षमा दिएको अनुदानको अभिलेख र उपलब्धिको समेत मापन गरेको देखिएन। अनुदान मागदाबीको सुचना प्रमाण नभएको, छनौटको आधार तय नभएको र वडाको सिफारिस बमोजिम वितरण गरेको देखिन्छ। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय नगरी अनुदान उपलब्ध गराएको छ । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने सुनिश्चित गर्नुपर्दछ। अनुदान दिएको रकमको अभिलेख राख्नुपर्ने, छनौटको आधार तय गरी पारदर्शि रुपमा वितरण गरी सदुपयोगको सुनिश्चतता प्रतिवेदन समेत तयार गर्नुपर्दछ ।

२० **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २० वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट १९ वटाले पासवर्ड लगे पनि विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी प्रतिवेदन समेत तयार गरेको देखिएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । २० मध्ये ७ वटा निस्कृय रहेकाले समस्याग्रस्त रहेको हुनसक्ने अवस्था रहन्छ । ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गरी प्रतिवेदन गर्ने र समस्याग्रस्त भए कारवाही गरी टुङ्गो लगाउनुपर्दछ।

२१ **गत वर्षको भुक्तानी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको रु.३५२१०००।०० को विवरण पेश भएको छ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को दफा ३९(१५) बमोजिम दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी तलब, महङ्गी भत्ता र स्थानीय भत्ता, सरुवा भ्रमण भत्ता, घर भाडा, पोशाक, खाधन्न तथा स्वीकृत बार्षिक कार्यक्रममा समावेश भएको सम्झौता बमोजिमको रकम मात्र भुक्तानी गर्न मिल्नेमा इन्धनखर्च बापतको रु.२७००००.०० समेत भुक्तानी गरेकाले नियम सम्मत नदेखिएको रु...

अनियमित भएको	२,७०,०००

२२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

वागमती प्रदेश स्थानिय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ५ बमोजिम दरबन्दी सृजना गरी दफा ७ बमोजिम पद सृजना भएको एक महिना भित्र प्रदेश किताबखानामा पद दर्ता गराई सोको जानकारी संघिय मामिला तथा समान्य प्रशासन मन्त्रालयलाई

दिनुपर्ने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८६ दरबन्दी स्वीकृत रहेकोमा ७२ पदपुर्ती भई १४ पदहरु रिक्त रहेका छन् । पद दर्ता गरी रिक्त दरबन्दीमा माग आकृती फारम भरि सबै पदको प्रदेश लोकसेवा आयोगमा पठाएको देखिएन । दरबन्दी पदपूर्ति सम्बन्धी विवरण देहयाअनुासर छ ।

	संघीय मामिलाबाट स्विकृत	स्वास्थ्य मन्त्रालय	जि बि स	घरेलु	पालिकाबाट स्विकृत	कार्यक्रम	जम्मा
दरबन्दी	२९	३२	०	०	१३	१२	८६
पदपुर्ती	२५	३०	०	०	६	११	७२
रिक्त	४	२	०	०	७	१	१४
कार्यरत	२५	३०	०	०	६	११	७२
दरबन्दी बेगर	०	०	०	०	०	०	०
स्थायी	१६	१७	०	०	१	०	३४
करार	९	१३	०	०	५	११	३८

पालिकाले ओ एण्ड एम सर्वेक्षण गरी नगरसभाबाट दरवन्दी स्वीकृत गरी प्रदेश निजामती कितावखानामा पदहरु दर्ता गरी रिक्त पदमा प्रदेश लोकसेवा आयोगबाट पदपूर्ती गर्नुपर्नेमा ओ एण्ड एम सर्वेक्षण गरी स्वीकृत गरेको देखिएन।पालिकाले करारमा कर्मचारी भर्ना गरी खर्च लेखेकोले दरवन्दी स्वीकृत गरी स्थायी पदपुर्ती गर्नुपर्दछ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

२३ **तलबी प्रतिवेदनः**

निजामती सेवा ऐन २०४९ को दफा ७ ख (२) , स्वास्थ्य सेवा ऐन २०५३ को दफा ८क (५) तथा बागमती प्रदेश स्थानीय-सेवा-(गठन-तथा-सञ्चालन)-ऐन,-२०७९ को दफा ६९(५) मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३० कर्मचारीको रु.११९०२४१३।८० , र पालिकाका १३ कर्मचारीको रु.१५२९२५४३.०० समेत रु. २७१९४९५६।८० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२४ **कर्मचारी व्यवस्था-**

बागमती प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०७९ को दफा १६ बमोजिम स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कार्यका लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न नहुने उल्लेख छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न नहुने उल्लेख छ । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.८४४८६९६.०० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिएन।अतः स्थायी दरबन्दीमा स्थायी कर्मचारी पदपूर्ती हुनुपर्दछ ।

पद	नियुक्ति संख्या	तलव भत्ता रु.
इन्जिनियर	१	५७२२७७
सव ईन्जिनियर	३	१३४७३९९
सहायक कम्प्युटर अपरेटर	२	६१२०२०
स्वास्थ्य करार कर्मचारी	११	२८२७०००
वडा कृषि र पशु प्राविधिक	१०	३०९००००
जम्मा	३५	८४४८६९६

२५ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी आ. व. २०७९।८० निर्णय गरेकोमा आ.व.२०८०।८१ बजेटमा भुक्तानी दिन बाकी दायित्व राखी भुक्तानी गरेको छ। विभिन्न १८ गरिव असहाय तथा विरामीहरुलाई रु.१८००००.०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. १७३९२४२३.००को १.०३ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

२६ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । पाम्समा नयाँ प्रणाली अपडेट भएको र ज्ञानको कमिले सन्चालन गर्न नसक्दा जिन्सी निरिक्षण गर्न नसकिएको कार्यालयको भनाइ रहेको छ। अतः जिन्सी निरिक्षण नभएमा कार्यालय प्रमुखलाई जिम्मेवार बनाउनुपर्दछ।

२७ **मुल्यअभिवृद्धि कर असुली नगरेकोः**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३३१७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ। ठेक्का न 1/revenue.080-81 मा नदिजन्य पदार्थ दहत्तर बहत्तर (ढुङ्गा गिट्टि वालुवा ग्राभेल रोडा माटो आदि) को कबुल अंक रु.९८३२८४१।६९ को १३ प्रतिशतले हुने रु.१२७८२६९।४१ मध्ये रु.३८३४८१.०० दाखिला गरेकोले बाकी रु.८९४७८८।४१ निर्माण व्यवसायी श्री सन्तोष निर्माण सेवा विदुर ५ नुवाकोटसंग असुल गरी राजश्व शिर्षक न. ३३३१७ मा दाखिला गर्नुपर्ने रु....

असुल गर्नुपर्ने	८,९४,७८८.४१

२८ **मुल्य अभिवृद्धि कर दाखिला नगरेकोः**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३३१७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८०।८१ मा अमानतबाट रु ३७८३५६९।९१ मु अ कर बाहेक आम्दानी गरेकोमा सोको १३ प्रतिशतले हुने मुल्य अभिवृद्धि कर रकम रु ४९१८६४।०९ आम्दानी गरी खातामा राखेकोमा दाखिला नगरेकोले राजश्व शिर्षक ३३३१७ (बेदर्तावालामा) दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४,९१,८६४.०९

२९ **बढी परिमाण उत्खन्नः**

पालिकाले आय ठेक्का बन्दोबस्त गर्दा वातावरणीय परीक्षण प्रतिवेदन (IEE) अनुसारको खोला वाइजको तोकिएको परिमाणको ठेक्का वन्दोवस्त गर्नुपर्दछ । निर्माण व्यवसायी मार्फत वातावरणीय परिक्षण प्रतिवेदन अनुसार त्रिशुली बढी बगरक्षेत्र (सिम्ले, सालिम भित्त शान्तिनगर र घले वेशी) को १२९०६ घ.मी. अर्थात ४५५३२३.६८ घनफिट परिमाण उत्ख्नन गर्न मिल्नेमा निर्माण व्यवसायी सन्तोषी निर्माण सेवा विदुर ५ नुवाकोट ठेक्का नं. 01/kispang/goods/080-81 बाट ४२३००० घनफिटको उत्खन्न गरेकोमा सोही स्थानमा अमानतबाट ४२०३९६।६५ घनफिट समेत जम्मा ८४३३९६।६५ उत्खन्न गरेकोले वातावरणीय परीक्षण प्रतिवेदन(IEE) भन्दा ३८८०७३।१० घनफिटको रु.९ का दरले हुने रु.३४९२६५७।९० बरावर मुल्यको बढी उत्खन्न गरेको छ । अतः वातावरणीय परीक्षण प्रतिवेदन(IEE) भन्दा बढी उत्खन्न गरेकोले नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	३४,९२,६५७.९

३० **धरौटी रकम दाखिलाः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६(२) बमोजिम जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम जम्मा गरेको प्रमाणसहित सम्वन्धित व्यक्तिले कार्यालयमा निवेदन दिनुपर्ने व्यवस्था छ।नदिजन्य पदार्थको मुल्यअभिवृद्धि कर बाहेक रु.९८३२४८१।६९ दाखिला गर्नुपर्नेमा व्यवसायीले रु.९२७२८४१।६९ दाखिला गरेको र निजले उक्त ठेक्कामा राखेको पाँच प्रतिशत धरौटी रकम रु.५६००००. ठेक्का प्रयोजन समाप्त भएपश्चात फिर्ता पाउनेमा ठेक्का समाप्त नहुदै दोस्रो किस्ता रकम दाखिला गर्दा धरौटीबाट खर्च लेखि व्यवसायीको नामबाट आयठेक्काको कबुल अंक दाखिला गरेको देखिन्छ । निज व्यवसायीले सो वापतको मुल्य अभिवृद्धि कर समेत हालसम्म दाखिला नगरेको र सो अगाबै मुल्य अभिवृद्धि कर समायोजन र कर चुक्ता प्रमाण पत्र बेगर धरौटी रकम फिर्ता गरी किस्ता रकम दाखिला गर्न खर्च लेखेकोले मुल्य अभिवृद्धि कर समायोजन पत्र पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	५,६०,०००

३१ **ठेक्का सम्झौतामा ढिलाईः**

निर्माण व्यवसायीलाई सम्झौताका लागि पत्राचार गरेपछि पत्रमा उल्लेख भएको मितिमा वा म्याद थप दिएकोमा सोही मितिमा आय ठेक्का गरिसक्नुपर्दछ । नदिजन्य पदार्थको ठेक्का स्वीकृत पश्चात २०८०।६।३० मा सम्झौताको लागि पत्राचार गरेकोमा निर्माण व्यवसायी सन्तोषी निर्माण सेवाले बैंक जमानत पेश नगरेको कारण पुनः २०८०।८।११ मा ताकेता गरेकोमा सो अवधिमा समेत उपस्थित नभएकाले ठेक्का रद्ध गरि कानुनी प्रकृया अगाडी बढाउने टिप्पणी स्वीकृत भएतापनि सोही व्यवसायीसँग २०८०।१०।९ मा तोकिएकै परिमाणमा ठेक्का सम्झौता भएको देखिन्छ । अतः तोकिएको समयमा सम्झौता गर्नुपर्दछ ।

३२ **घटी परिमाणको ठेक्का बन्दोबस्तः**

पालिकाले आय ठेक्का बन्दोबस्त गर्दा वातावरणीय परीक्षण प्रतिवेदन (IEE) अनुसारको खोला वाइजको तोकिएको पुरै परिमाणको ठेक्का वन्दोवस्त गर्नुपर्दछ । वातावरणीय परिक्षण प्रतिवेदन अनुसार त्रिशुली बगरक्षेत्र (सिम्ले, सालिम भित्त शान्तिनगर र घले वेशी को समेत गरी १२९०६ घ.मी. अर्थात ४५५३२३.६८ घनफिट र नदिजन्य वाहेक अनुमानित निर्माणाधिन योजना आयोजनाहरुले उत्खन्न गरी प्रयोग गर्ने निर्माण जन्य सामग्री (गल्छी मैलुङ सडक १५००००, त्रिशुली ३ आयोजना २५०००० र सलाखु सादोबाटो भाल्चे साल्मे सडकको २०००००) ६००००० घनफिट समेत जम्मा १०५५३२३।६८ घनफिटको प्रति घनफिट रु.९ का दरले हुने रु.९४९७९१३।१२ र इट्टा कबाडी फलाम तथा सामानहरु कागज बोतलको निकासी कर एकमुष्ट रु.५०००० समेत जम्मा रु.९५४७९१३।१२ न्यूनतम अंक कायम गरी ठेक्का बन्दोवस्त गर्नुपर्नेमा नदिजन्य पदार्थतर्फ ४५५३२३.६८ घनफिट मध्ये ४२३००० घनफिटको मात्र ठेक्कावन्दोवस्त गरेकोले नपुग ३२३२३.६८ घनफिटको प्रति घनफिट रु. ९ का दरले रु.२९०९१३।१२ बरावर न्यूनतम अंक घटाई ठेक्का बन्दोवस्त गरेको देखियो। त्यसैगरी निर्माणाधित सडक आयोजनको समेत अनुमानित परिमाणको सोही परिमाण बरावर हुने आधार प्रमाण (गत बर्षको ठेक्का परिमाण, अनुमानित परिमाण कायम गर्न स्थलगत सर्भे एवं मुचुल्का प्रतिवेदन र सो परिमाण पुष्ट्याई हुने आयोजनाको पत्र) समावेश नगरी अनुमानित परिमाण कायम गरेको देखिन्छ । अत वातावरणीय परिक्षण

प्रतिवेदनले तोकेको परिमाण र निर्माणाधिन आयोजनाको अनुमानित परिमाण पुष्टि हुने प्रमाण समावेश गरी न्यूनतम अंक कायम गरी ठेक्का बन्दोवस्त गर्नुपर्दछ ।

३३ **फरक शिर्षकमा मुल्य अभिवृद्धि कर दाखिलाः**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३३१७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ।नदिजन्य पदार्थ ठे न Revenue/080/81 को दहत्तरबहत्तर (ढुङ्गा गिट्टि बालुवा ग्रभेल रोडा माटो आदी) को उत्तखनन संकलन र बिक्रि वितरण गर्न व्यवसायी श्री सन्तोष निर्माण सेवाले कबुल अंक रु.९८३२८४१।६९ को १३ प्रतिशतले हुने मुल्यअभिवृद्धि कर रकम रु.१२७८२६९।४१ मध्ये ३० प्रतिशतले हुने रु.३८३४८१ राजश्व शिर्षक ३३३१४ मा दाखिला गरेकाले राजश्व शिर्षक ३३३१७ मा ट्रन्सफर गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३,८३,४८१

३४ **व्यवसाय कर -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.९८५५०.०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ भन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३५ **परिमाणात्मक बन्देजः**

आन्तरिक आय अन्तरगतको ठेक्कामा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टि, ग्रामेल, दस्कट, मस्कट, माटो) आदिको उत्खनन, संकलन तथा निकासी कार्य गर्दा उत्खनन गरिएका सामग्रीहरुको संकलन गर्ने र त्यसको नापजाँच गरि परिमाण एकिन गरि मात्र निकासी गर्न दिनुपर्नेमा निर्माण व्यवसायीलाई साइट सबै जिम्मा लगाउने निर्माण व्यवसायीले घाटगद्धि नगरी सोझै उत्तखन्न एवं संकलन गरी निकासी गरेको पाइयो । परिमाणात्मक बन्देज लगाउन रसिदको नियन्त्रण खाता राखी रसिद प्रमाणीत गरि दिनुपर्ने र अर्धकट्टि कार्यालय फिर्ता लिइ परिमाण एकिन गर्नुपर्नेमा रसिदको अर्धकट्टि फिर्ता लिएको देखिएन । नदिजन्य पदार्थको व्यवसायीले घाटगद्धी नगरि सोझै संकलन गरि निकासा गरेको पाइयो। सम्झौता बमोजिमको परिमाण उत्खनन, संकलन र निकासी भएको एकिन गर्न सकिने आधार सम्झौतामा खुलाई संकलन एवं विक्री गर्नुपर्दछ ।

३६ **आय अनुमान -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१४६००००००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.१७३९२४२३.०० अर्थात अनुमान भन्दा १९.१३ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३७ **कर तथा शुल्क असुली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजगा कर, घरजगा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

क्र.सं.	राजस्व संकेत	आम्दानी शीर्षक	अनुमान	यस महिना सम्मकोआम्दानी
१	११३१३	सम्पती कर	०	११५०८
२	११३१४	भुमिकर/मालपोत	५०००००	४१४६७६
३	११३१७	वहालकर	२०००००	२८४०००
४	११३१८	वहाल विटौरी कर	५००००	०
५	११४५१	सवारी साधन कर (साना सवारी)	०	०
६	११६११	व्यवसायले भुक्तानी गर्ने	०	०
७	11632	अखेटो पहारमा लाग्ने कर	५००००	०
८	११६९१	अन्यकर	०	१०३६९७
९	१४२१८	विद्युतसेवा शुल्क	०	२००
१०	१४२१९	अन्यसेवा शुल्क तथा बिक्री	०	५९५४०
११	१४२२१	न्यायिक दस्तूर	०	०
१२	१४२२४	परीक्षाशुल्क	०	४४८००
१३	१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	६००००००	३९०७०४३
१४	१४२४२	नक्सापास दस्तुर	०	९६६२३
१५	१४२४३	सिफारिश दस्तुर	०	३५८८७८
१६	१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर	०	८८७००
१७	१४२४५	नाता प्रमाणित दस्तुर		३६८२५
१८	१४२४९	अन्यदस्तुर	०	२०७६५
१९	१४२५३	व्यावसाय रजिष्ट्रेशन दस्तुर	२०००००	१८४८००
२०	१४२६२	विद्युत सम्बन्धी दस्तुर	०	२००
२१	१४२६३	जलस्रोत सम्बन्धी अन्य दस्तुर	०	०
२२	१४३१३	धरौटी सदरस्याहा	०	०
२३	१४५२९	अन्य राजस्व	१००००००	४२००३००
२४	१४६११	व्यवसायकर	०	६४०००
२५	१५१११	बेरूजू	६०००००	६५३०००
जम्मा			८६०००००	१०५२९५५५

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३८ **राजश्व वाँडफाँड -**

नियि सरकार संचालन ऐन,२०७४ को साबिक दफाको उपदफा १, १(च), ३ र ४ मा ढुङ्गा, गिट्टि र बालुवाको करमा प्रदेश तथा स्थानिय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरि स्थानिय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरि बाँडफाँड हुने व्यवस्था गरेको थियो । तर उक्त दफा सघिंय आर्थिक ऐन २०७५ द्धारा खारेज गरि दफा ६२(क) थप गरेर स्थानिय तहहरुले गिट्टि, ढुङ्गा, बालुवा बिक्रि गरि प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । यसै सम्बन्धमा बागमती प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०८० को दफा ९(४) मा संघीय कानुनसंग बाझिने गरि ढुङ्गा, गिट्टी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धि व्यवस्था गरेको छ । बागमती प्रदेश आर्थिक ऐन २०८० को दफा ९(६) बमोजिम स्थानिय विभाज्य कोषमा जम्मा भएको रकम बाडफाड गरी साठी प्रतिशत स्थानीय संचित कोष र चालिस प्रतिशत प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसै गरि संघिय मन्त्री परिषदले ढुङ्गा, गिट्टि, बालुवा उत्खन्न, बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ जारि गरि गिट्टि, ढुङ्गा, बालुवा बिक्रि बापतको राजश्व स्थानियले संकलन गरि प्रदेश र स्थानिय तहबिच क्रमशः ४० र ६० प्रतिशत हुने गरि बाडफाड हुने व्यवस्था गरेको छ जुन स्थानिय सरकार संचालन ऐनको दफा ६२ (क) बिपरित देखिन्छ । पालिकाले आर्थिक ऐन २०८० बमोजिम ठेक्काबाट रु९८३२८४१।६९ असुल भएकोमा ४० प्रतिशतले हुने रकम रु.३९३३१३६।०० प्रदेश संचित कोषमा पठाए पनि अमानतबाट रु.३८८३५६९।०० असुल भएको रकमको ४० प्रतिशतले हुने रु.१५१३७२७। प्रदेश संचित कोषमा दाखिला गरेको छैन । सो सम्वन्धि विवरण देहाय अ

आय शीर्षक	संकलित रकम	प्रदेशलाई पठाउनु पर्ने रकम	पठाएको रकम	पठाउन बाँकी रकम
ठेक्काबाट प्राप्त	९८३२८४१।६९	३७८३५६९।९१	३९३३१३६	०
अमानतबाट असुली	३७८३५६९।९१३७८३५६९।९१	१५१३४२७।९६	०	१५१३४२७।९६

३९ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३०७०९००००	१७३९२४२३.००	५.६६

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५.६६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४० शिक्षक दरवन्दी र पदपूर्ति

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

क्र.सं.	विद्यालयको संख्या	शिक्षक दरबन्दी	पदपूर्ति मध्य स्थायी	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या
१	२०	१०४	७०	३४	२४२९

पालिकाको शिक्षक विद्यार्थी औषत अनुपात १:२३ रहेको देखिन्छ। अतः शिक्षक विद्यार्थी अनुपात मिलाउन विद्यालय मर्ज गर्ने र भौगोलिक कठिनाइले सम्भव नभएकोमा कक्षा संख्या घटाइ शिक्षक व्यवस्थापन गर्नुपर्दछ ।

४१ स्यानिटरी प्याड-

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न

सकिने उल्लेख छ।पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु५९६ जना रहेका छन। पालिकालेआ.ब. २०७९।८० मा १०६००थान स्यानिटरी प्याड रु.७७५६३३.००(मु.अ.कर समेत) मा खरिद गरेको छ।पालिकाले आर्थिक वर्ष २०८०।८१ मा स्यानिटरी प्याड खरिद गरेको पाइएन ।आर्थिक वर्षको अन्त्यसम्म ३१६८ थान मौज्दातमा रहेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ।

४२ **शिक्षक विद्यार्थी अनुपातः**

शिक्षा नियमावली २०५९ को नियम ४ बमोजिम विद्यालय खोल्नको लागि सामुदायिक विद्यालयमा अनुसुचि ३ बमोजिमको पुर्वाधार हुनुपर्ने व्यवस्था छ।अनुसुचि ३ को (ठ) बमोजिम प्रतिकक्षा विद्यार्थी सङ्ख्या हिमाली क्षेत्रमा ४०, पहाडी क्षेत्रमा ४५ र तराइ क्षेत्रमा ५० हुनुपर्ने उल्लेख छ। विद्यालयमा शिक्षक विद्यार्थी अनुपात देहायबमोजिम रहेको छ।

क्र.स.	विद्यालय नाम	शिक्षक संख्या	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
१.	ऐसेलु भुमे मा वि	२०	६२८	१:३१
२.	भुमेदेभी आवि	४	६२	१:१५
३.	चन्द्रज्योति आ वि	१	२३	१:२३
४.	डिकेप आ वि	२	३६	१:१८
५.	दुर्गमतरा आ वि	२	४७	१:२४
६.	जनज्योति आ वि	१४	३०३	१:२२
७.	जाल्जुखोला मा वि	७	१२७	१:१८
८.	जयवुद्ध आ वि	४	४७	१:१२
९.	ज्योति आ वि	५	१०१	१:२०
१०.	कालिका आ वि	४	६०	१:१५
११	कालिका भुमे आ वि	०	४६	०
१२	कन्यादेवि आ वि	१	३४	१:३४
१३	कार्कि मनकामना आ वि	६	४५	१:८
१४	महादेव आ वि	२	९४	१:४७
१५	नुचेत आ वि	२	३७	१:१८
१६	पञ्चलिङ्गे आ वि	८	१५२	१:१९
१७	साप्चेत आ वि	२	२७	१:१४
१८	साल्मे मा वि	८	२६६	१:३३
१९	सिप्राङ्चौर आ वि	४	९०	१:२३
२०	त्रिभुवन मा वि	८	२०४	१:२६
	जम्मा	१०४	२४२९	१:२३

पालिकाले उपलब्ध गराएको विवरण अनुसार जम्मा २० वटा विद्यालयमा शिक्षक दरबन्दी १०४ रहेकोमा विद्यार्थी संख्या २४२९ रहेको देखिन्छ भनेपालिकाको शिक्षक विद्यार्थी औषत अनुपात १:२३ रहेको देखिन्छ । नियमावलीले तोकेबमोजिम विद्यालय मर्ज गर्ने र

भौगोलिक विकटताका कारण सम्भव नहुने स्थानमा कक्षा घटाइ शिक्षक विद्यार्थि अनुपात मिलाउने प्रयास गर्नुपर्दछ।

४३ **बढी भुक्तानी** (४९-२०८०-९-२५):

शिक्षा नियमावली २०५९ बमोजिम शिक्षक तलब भत्ता हाजिर भएको मितिदेखि दिनुपर्ने व्यवस्था छ । श्री साल्मे माध्यामिक विद्यालय मिति २०७९।९।२१ देखि स्थायी शिक्षक हाजिरी भएको देहायका शिक्षकको दोस्रो त्रैमासिक तलब निकासा गर्दा रु. ४५०२४ बढी निकासा भएको देखियो । बढी निकासा भएको तलब सम्बन्धित विद्यालयबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

शिक्षकको नाम	**नियुक्ती मिति**	**निकासा हुनुपर्ने रु.**	**निकासा भएको रु.**	**बढी निकासा रु.**
मंगल तामाङ(प्रा वि तितिय)	२०७९।९।२१	७०७५२	११५७७६	४५०२४
जम्मा				४५०२४

असुल गर्नुपर्ने	४५,०२४

४४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् साप्रमूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा १० योजना सञ्चालन गरी यस वर्ष ६८ जनालाई औसत १०० दिनले ६८०० दिन रोजगारी उपलव्ध गराई रु.४६३१६१६। श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ

४५ **अनुदान कार्यक्रम** (१५५-२०८१-३-१०):

शिक्षा तथा मानब स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं २.७.१३.१३ को बुँदा ९.१मा कक्षा १ देख ३ मा पढाई तथा गणित क्षेत्रका थप सिकाइ सामाग्री छपाई तथा वितरण कार्यक्रममा प्रति विद्यालय वार्षिक ३ हजार दिने व्यवस्था रहेकोमा पालिकाले विध्यालयमा शैक्षिक गुणस्तर सुदिढिकरण एवं कार्य प्रोत्साहानमा आधारित अनुदान कार्यक्रममा रु.६०००००.०० भुक्तानी भएकोमा रु.५४०००।०० मूल्यका ३६० थान सिकाई उपलव्धि मूल्याकन पुस्तिका वितरण नगरेको र जिन्सी दाखिला गरेको प्रमाण पेश नभएकोले वितरणको भर्पाइ र जिन्सी खाता (पाम्समा) दाखिला गरेको प्रमाण गर्नुपर्ने रु

भौ।मिति	कार्यक्रम	भुक्तानी पाउने व्यक्ति	सामानको नाम	सामानको परिमाण	दर	रकम
२५५।२०८१।०३।३०	विध्यालयमा शैक्षिक गुणस्तर सुद्रिढिकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहान अनुदान	सत्यराज जोशी	सिकाइ उपलव्धि मूल्याकन पुस्तिका कक्षा १ देखि ३	३६०	१५०	५४०००

प्रमाण पेश नगरेको	५४,०००

४६ **बहुप्राविधिक शिक्षालयः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) बमोजिम वार्षिक दश लाख रुपैया भन्दा बढी बिस लाख रुपैयासम्मको मालसामान खरिद गर्दा सिलबन्दी दरभाउपत्रबाट गर्नुपर्ने व्यवस्था छ । बहुप्राविधिक शिक्षालयलाई फर्निचर एवम फर्निसिङ वापत रु १८२७२०८ को खरिद गरेकोमा सिलबन्दी दरभाउ पत्र बेगर सोझै खरिद गरेकाले नियमित नभएको रु

सिनं	भौ नंर मिति	खर्चको विवरण	रकम
१०	३२२-१०/१०/२०८०	त्रिशुलि फर्निचर एण्ड फर्नसिङ सेन्टरलाइ प्राविधिक शिक्षलयमा सामाग्री खरिद वापत भुक्तानी	८,३१,०००.००
१२	३४३-१०/६/२०८०	प्राविधिक शिक्षालयमा फर्नचर खरिद वापत तृषा फ्लिोरिङ एण्ड फर्निचरलाइ भुक्तानी	९,९६,२०८.००
		जम्मा	१८,२७,२०८.००

अनियमित भएको	१८,२७,२०८

४७ **कर्मचारीलाई उपदानः**

स्थायी कर्मचारीको राजिनामा स्वीकृत भए पश्चात पाउने संचित विदा, उपचार खर्च भुक्तानी गर्नुपर्नेमा भएमा पालिकाले कानुन बमोजिम कर्मचारी कल्याण कोष वा बार्षिक बजेटमा विनियोजन भएको अवस्थामा सोही बमोजिम भुक्तानी गर्नुपर्दछ । पालिकाले यस वर्ष २ जना कर्मचारीको राजिनामा स्वीकृत गरी कर्मचारीको पारिश्रमिक शिर्षकबाट सुविधा वापत रकम भुक्तानी गरेको छ । पालिकाले शिर्षक फरक पारी खर्च लेखेकाले नियम सम्मत नदेखिएको रु.

भौचर नं	पद नाम थर	रकम
६७४	सव ई. राजु तामाङ (२४३१२३)	३०९०७६
५५३	अ.सव.ई. अंशुसंगम भण्डारी	१३१०४०
		४४०११६

अनियमित भएको	४,४०,११६

४८ **राजस्व सुधार कार्ययोजनः** (६७३-२०८१-३-१३):

सार्वजिनक खरिद नियमावली २०६४ को नियम ३ बमोजिम खरिद कार्यको आवश्यकता पहिचान गरी सेवा खरिद गर्नुपर्दछ । राजस्व सुधार कार्ययोजना सम्वन्धमा सेवा खरिद गरी प्लाटफर्म इन्जिनियरिङ कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.ली.लाई रु.४९३८१०।०० भुक्तानी गरेको छ । पालिकाले खरिद गरेको सेवा सम्वन्धमा हालसम्म सोको सुझाब तथा कार्यान्वियन सम्वन्धमा पालिकामा छलफल नभएको जानकारी प्राप्त भएको छ । सेवा खरिद गरि भुक्तानी भएको कार्ययोजना सम्वन्धमा सोको लाभ हुनेगरी कार्य गर्नुपर्दछ ।

४९ **लागत अनुमानः** (६७७-२०८१-३-२३):

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ बमोजिम सार्वजनिक निकायले कुनै पनि खरिद कार्यको लागि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । स्थानिय पाठ्यक्रम निर्माण गर्न कोटेशन मार्फत सेवा खरिद गरेकोमा लागत अनुमान तयार गरेको देखिएन । त्यस्तै सेवा खरिद गर्दा प्रदायकसँग दक्ष जनशक्तिको उपलब्धता सम्वन्धमा आवश्यक प्रमाण कागजात पेश गर्न लगाई तोकेको मापदण्ड पुरा गरेको परामर्शदातासँग सेवा खरिद गर्नुपर्दछ । पालिकाले यसरी लागत अनुमान तथा सेवा शर्त र दक्षता सम्वन्धमा कुनै मापदण्ड तयार नगरी सोझै कोटेशन मार्फत सेवा खरिद गरी सेड्री नेपाल प्रा.लि.लाई रु.४९१५५०।०० भुक्तानी गरेको छ । विशेषज्ञ सेवा खरिद गर्दा विशेष ध्यान दिनुपर्दछ ।

५० **राष्ट्रिय परिचयपत्र अभियानः**

पालिका भित्र राष्ट्रिय परिचयपत्रको लागि वडा स्तरमा नै अभियान संचालन गर्न जिल्ला प्रशासन कार्यालयको नीति अनुसार उक्त कार्यको लागि २ जना कम्प्यूटर अपरेटर, १ जना रुजु अधिकारी र २ जना दर्ता सहयोगी हुनुपर्ने उल्लेख भए अनुसार वडामा रहेका वडा सचिव सहित ६ जना तथा उदघाटन तथा समापनमा सहभागी हुने संख्या एकीन गरी खाजा खर्च भुक्तानी गर्नुपर्नेमा वडामा संचालन भएको १९/२० दिन सम्म भएको कार्यक्रममा सम्वन्धित नभएको व्यक्ति समेतलाई राखि खाजा खर्च लेखेको छ । पालिकाले प्रत्येक वडामा सो कार्यक्रम संचालन गर्न रु.११००००।०० का दरले खाजा तथा विविध खर्च लेखेकोले यसरी खर्च लेख्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

५१ **दुना टपरी हाइड्रोलिक मेसिनः** (६८२-२०८१-३-२३):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५(१) बमोजिम ७ दिनभित्र खरिद गरेको मालसामान जिन्सी खातामा आम्दानी बाध्नु पर्दछ। पालिकाले वडा नं ५ मनकामनामा मिति २०८१।३।१९ देखि २१ सम्म टुना टपरी बनाउने सिप विकास तालिमका लागि टुना टपरी हाइड्रोलिक मेसिन १ थान खरिद गरि चन्डेश्वरी इन्टरनेशनल काठमाडौंलाई रु.२८७७००।०० भुक्तानी गरेको छ । उक्त तालिम पश्चात मेसिन पालिकामा दाखिला ल्याई यसको पुनः प्रयोग हुने गरी सुनिश्चित गर्नुपर्दछ । हाल उक्त मेसिन के कहाँ र कुन अवस्थामा रहेको सो नखुलेकोले उक्त सामान पालिकाको पाम्समा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु

प्रमाण पेश नगरेको	२,८७,७००

५२ **न्यानो झोला कार्यक्रम-**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ६ वटा बर्थिङ सेन्टरमा आ.ब. २०७९।८० को मौज्जात ३५ थान रहेकोमा आ ब २०८०।८१ मा न्यानो झोला १५० थानको रु.७९० का दरले रु.११८५००।०० मा खरिद गरेकोमा गत वर्ष ७३ जना र यस वर्ष ३९ जना गरी ११२ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ७३ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

५३ **औषधीको निशुल्क लोगो**

सार्वजनिक खरिद नियमावलीको नियम १११(१)(ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ ।कार्यालयले यस वर्ष रु.२०७४००० बराबरको औषधि खरिद गरेको पाईयो ।बार्षिक रुपमा खरिद गर्ने औषधी तथा औषधीजन्य सामग्रीको स्पेशिफिकेशन बमोजिम भएनभएको र WHO/GMP प्रमाणित औषधि खरिद गरे/ नगरेको भण्डार दाखिला गर्नु अघि परिक्षण गरेको प्रतिवेदन पेश भएन । लोगो र म्याद सम्वन्धी विवरण निम्नानुसार छन ।

सि नं	औषधी	इकाई	लोगो	म्याद
१	Amoxicillin 225mg	20 stp	लोगो भएको	2024 Aug
२	Lbuprotln 400 mg	28 stp	लोगो नभएको	2025 sep 25
३	Salbutamol 4mg	10 stp	लोगो भएको	2024 Aug
४	Salbutamol 4mg	50 stp	लोगो भएको	2025 jan
५	Amoxicillin 10 ml	1 stp	लोगो नभएको	2024 jan
६	Cftriaxona 500mg	1 stp	लोगो नभएको	2023 dec
७	Thiamin tablet 100mg	10 stp	लोगो नभएको	2024 April
८	Paracetamol 100ml	1 stp	लोगो नभएको	2023 Feb

माथि उल्लेखित औषधी नमुना छनौट गर्दा ५ वटाको निशुल्क वितरणको लोगो नभएको र म्याद देहाय अनुसार भएको पाइयो । अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार भण्डार दाखिला पुर्व निरिक्षण प्रतिवेदन तयार गर्नुपर्ने र निशुल्क लोगो लगाई म्याद भित्र वितरण हुनुपर्दछ ।

५४ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले

यस वर्ष आन्तरिक स्रोतबाट रु. ८००००० संघीय स्रोतबाट रु.१२७४००० गरी कुल रु.२०७४०००.०० को औषधी खरिद गरेको देखिन्छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

सि नं	भौ मिति	सप्लायर्स	रकम	कैफियत
१	८५।२०८०।१०।१०	रिदान मेडि कन्सर्न	१२७४०००	पत्रिकामा प्रकासन भएको दरमा
२	३२३।२०८०।१०।१०	रिदान मेडि कन्सर्न	८०००००	सोझै खरिद
	जम्मा		२०७४०००	

- आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,
- आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,
- औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

५५ **ठेक्का अधुरोः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(२) क बमोजिम निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम कार्य सम्पादन नगरेमा उपदफा ३ (ख) बमोजिम सो काम गर्न वा गराउन लाग्ने थप खर्च वापत निजले व्यहोर्नुपर्ने दायित्व यकिन गरी उपदफा ७ बमोजिम जुनसुकै वखत सम्झौता अन्त्य गरी उपलफा ८ बमोजिम जमानत जफत गरी थप लाग्ने दायित्व रकम सरकारी बाकी सरहअसुल गर्नुपर्दछ।साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४१ (१) बमोजिम कालोसुचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखि पठाउनु पर्ने व्यवस्था समेत छ।ठेक्का न KRM/NCB/WORKS/ROAD/09/2080/81 बिसाङ कियुत अर्चले सडक मर्मतका लागि सडक बोर्डबाट अख्तीयारी प्राप्त भइ रु २९००००० (८०) प्रतिशत र गाउँपालिकाले ५८०००० (२०) प्रतिशत समेत जम्मा रु ३४८०००० व्यहोर्ने गरि बजेट विनियोजन भएकोमा ३४७९१४२ (मु अ कर पि एस कन्टिन्जेन्सी समेत) को लागत अनुमान स्वीकृत भएकोमा सबैभन्दा घटी कबुल गर्ने निर्माण व्यवसायी घाङडाडा निर्माण सेवा मदनपुर ४ नुवाकोटसंग मिति २०८१।३।२० मा काम सम्पन्न गर्ने गरी रु.२४७१८८९.८२ मिति २०८१।३।६ मा सम्झौता भएको देखियो।निज निर्माण व्यवसायीले ठेक्का सम्झौता गरेपनि निर्माण कार्य सुचारु नगरेको , बिमा नगरेको र म्याद थपका लागि निवेदन समेत दिएको देखिदैन।कार्यपालिकाले मिति २०८१।३।२५ को बैठकबाट सडक बोर्डलाइ म्याद थप गर्ने निर्णय गरि पत्राचार गरेको देखिन्छ।निर्माण व्यवसायीले म्याद थपका लागि निवेदन नदिएको हुदा सडक बोर्डबाट रकम प्रप्त भए पश्चात कार्यसम्पादन जमानत, विमाको म्याद थप गरी पुर्वनिर्धारित क्षतिपुर्ति लिई कार्यसम्पन्न गर्ने अन्यथा सार्वजनिक खरिद ऐन र नियमावली वमोजिम ठेक्का फरफारक गर्नुपर्दछ ।

५६ **पुर्वनिर्धारीत क्षतीपुर्तिः** (२३१-२०८१-३-२३):

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **७७,४३३.६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५७ **पुर्वनिर्धारीत क्षतीपुर्ति**

(२३२-२०८१-३-२३):

(✂ ….. कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४५,७७७.८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५८ **भेरिएशन नभएकोः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ बमोजिम खरिद सम्झौता गर्दाको बखत पुर्वानुमान गर्न नसकेको स्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सृजना भई ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्नुपर्ने भएमा उपनियम २ (ख) बमोजिम भेरिएसन परिमाणको प्राबिधिक पुष्ट्याइ र कारण खोलि भेरिएसन आदेश जारी गर्नुपर्दछ ।पालिकाले यस वर्ष देहायको खरिद सम्झौतामा केहि आइटम सम्झौता परिमाण भन्दा घटि बढी कार्य सम्पादन गरेकोमा प्राबिधिक पुष्ट्याइ र कारण खोली भेरिएशन आदेश जारी नगरेकोले खर्च अनियमित भएको रु.

योजना	निर्माण व्यवसायी	सम्झौता रकम (मु अ कर र पि एस समेत)	कार्यस्वीकार रकम (मुअ कर र पि एस समेत)	घटि परिणाम संख्या	बढी परिमाण सङ्ख्या	फरक रकम
गाउँपालिका देखी चेम्पेकुतरी सडक स्तरोन्नती	सिडब्लु कन्स्ट्रक्सन प्रालि	६४५७५४३।२९	६४२२४०३।१९	५	९	३५१४०।१०
डावाचेत विरुडाँडा एसेलु रैला खोला थलगाउँ हुँदै किसपाङ चौर सम्म सडक स्तरोन्नती	बेत्रेश्वर निर्माण सेवा प्रालि	१०९२५१६२।९२	९८३६५२०।४६	५	७	१०८८६४२
हाङ्काङस्योङ खोला मुहान गरी मनकामना फिकुरी खानेपानी योजना	न्यौपाने कन्स्ट्रक्सन प्रालि	६४९०१८२।०१	५८५८०७९।७७	१२	२१	६३२१०२।२४
४ नं वडा कार्यालय भवन निर्माण	न्यु बोगटी विल्डर्स	६४०३२३२।२४	६१२४४०९।१९	१४	१६	२७८८२३।१२
अर्चले सिरान देखि पुरानो गाउँ भडारे गोगने सिरान सडक स्तरोन्ती	गोडबो बदर्स निर्माण सेवा एण्ड साप्लायर्स प्रालि	११९४४८१५	११९३९१३४।५३		९	५६८०।५३
जम्मा						२०४०३८७।९९

अनियमित भएको	२०,४०,३८७.९९

५९ **पुर्वनिर्धारीत क्षतीपुर्तिः** (२३०-२०८१-३-२३):

(✂ ….. कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१११,१०६.३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६० **रितपुर्वकको कर बिजक**

(✂ ….. कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६६१,५५०.३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६१ **अनुपात नमिलेकोः**

सम्झौता बमोजिम खर्च अनुपात मिलाई रकम खर्च लेख्नुपर्दछ । मावुङ खोला झोलुङ्गे पुल निर्माण गर्न लागत अनुमान रु.४६८६४५३।८२ स्वीकृत भएकोमा संघीय स्रोतबाट रु.३७०४३०५।९८ (७९ प्रतिशत), गाउँपालिका श्रोतबाट रु.६०९२३९।०० (१३ प्रतिशत) र जनसहभागिता रु.३७२९०८।०२ (८ प्रतिशत) रहने गरी उपभोक्ता समितिसँग सम्झौता भएकोमा उपभोक्ता समितिलाई ३७३५८७१।०० चार किस्तामा भुक्तानी हुनेगरी उल्लेख गरेको पाईयो । उपभोक्ता समितिलाई देहाय बमोजिमको रकम भुक्तानी गर्दा देखिएका व्यहोरा देहाय अनुसार छन ।

गो भा नं	खर्च रकम	खर्च लेखेको प्रतिशत	खर्च लेख्नुपर्ने प्रतिशत	घटी बढी खर्च	श्रोत	व्यहोर्नुपर्ने रकम
२।०८०।६।२५	५३७५००	५९.६७	७९	५४६६९९।१४	संघीय	२२३४१९९।१४
५।०८०।७।२२	४७५०००					
७।०८०।१०।२३	६७५०००					
२९।०८०।११।२४	१०४६८७१	३७.०२	१३	६७९२१७।९८	गाउँपालिका	३६७६५३।०२
जनसहभागिता	९३७२९।१७	३.३१	८	१३२५१८।७४	उपभोक्ता समिति	२२६२४८।०१
कुल जम्मा	**२८२८१००।१७**	**१००**	**१००**	**(१३२५१८।८४)**		**२८२८१००।१७**

६१.१ उपभोक्ता समितिले सम्झौता बमोजिम ८ प्रतिशतले हुने २२६२४८।०१ कट्टा गरी भुक्तानी गर्नुपर्नेमा रु.९३७२९।१७ कट्टा गरी भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.१३२५१८।८४ गाउँपालिकाबाट खर्च लेखेकोले उक्त रकम उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,३२,५१८.८४

६१.२ सम्झौता बमोजिम संघीय स्रोतबाट ७९ प्रतिशतले हुने रु.२२३४१९९।१४ खर्च लेख्नुपर्नेमा रु.१६८७५००।००(५९.६७ प्रतिशत) खर्च लेखेकोले कम खर्च लेखेको रु.५४६६९९।१४ गाउँपालिका स्रोत खर्च लेखेकोले संघीय स्रोतबाट सोधभर्ना गरेको प्रमाण पेश गर्नुपर्ने रु.

सोधभर्ना नलिएको	५,४६,६९९.१४

६२ **परामर्स तथा डीपीआर खर्च**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ बमोजिम २० लाख भन्दा बढी लागत अनुमान भएको जुनसुकै सेवा खरिद गर्दा खुला बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ ।कामको प्रकृति एयटै भएमा प्याकैजिङ गरी खुला प्रतिष्पर्धाबाट खरिद समेत गर्नुपर्दछ। बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गरि पाम्समा दाखिला समेत गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
	आर्थिक वर्ष २०८०/८१			
४ नं वडा कार्यालय भवन निर्माण	एक्सपोनेन्ट कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ कन्सल्ट प्रा लि	२७५०७९	२६३००७	२१२०९८४५
साल्मे हेल्थपोष्ट भवन निर्माण	शुराम्भ ईन्जिनियरिङ कन्स्ट्रक्सन कन्सलटेन्सि प्रा लि	२२८७०१	२२८४८६	२९८४२६७१
Iee report	ड्रिम हाउस इन्जिनियरिङ सोलुसन प्रा लि	४९६४५४	४८८०००	९५३८१५५
हँङकासुङ हुदै फिकुरी खानेपानी	फोकस इन्जिनियरिङ कन्स्ट्रक्सन एण्ड कन्सलटेन्सि	३७२०००	३७२०००	१०१०२१९२४
गाउँपालिका क्षमता विकास योजना तर्जुमा	स्टार इन्भरमेशन टेक्नोलोजि सोलुसन प्रा लि	५०००००	४९७०८७	२००६००१२
गाउँपालिकाको राजस्व सुधार योजना तर्जुमा	प्लेटफर्म इन्जिनियरिङ कन्स्ट्रसन एण्ड कन्सलटेन्सि प्रा लि	५०००००	४९३८१०	
गाउँपालिका आवधिक योजना तर्जुमा	ह्युमन डेभलपमेन्ट एण्ड रिसर्ज सेन्टर नेपाल प्रा लि	६०००००	५९४३८०	
स्थानीय पाठ्यक्रम निर्माण १ देखि ८	सेड्रि नेपाल प्रा लि	५०००००	४९१५५०	
१० बर्षे शैक्षिक योजना निर्माण	मोलुङ फाउन्डेसन मु व नि कम्पनि	५०००००	४९४९४०	
जम्मा		**३९७२२३४**	**३९२३२६०**	
	आर्थिक वर्ष २०७९/८०			
किस्पाङ मानेगाउँ खानेपानी आयोजना	प्रविद्धि इन्जिनियरिङ सोलुसन प्रा लि		३५५९५०	
दङ्गचिमे खानेपानी योजना	शान्ता कन्सल्टेन्सी प्रा लि		३९५०००	
५ वेड हस्पिटल र माटो परीक्षण			१४८५९५०	

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु ५ वटा कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।प्याकेजिङ गरी प्रतिस्प्रधात्मक तरिकाले खरिद समेत नगरेकाले मितव्ययी समेत देखिएन। साथै ३ आर्थिक वर्षको परामर्श तथा डिपिआर खर्च विवरण माग गरेकोमा विवरण प्राप्त भएन । आर्थिक वर्ष २०७९।८० को महालेखापरीक्षकको प्रतिवेदनलाई आधार लिई उल्लेख गरिएको छ । अतः परामर्श सेवा प्रतिस्पर्धात्मक रुपले खरिद गरी पाम्समा दाखिला गर्ने र विवरण अध्यावधिक गरी राख्नुपर्दछ ।

६३ **प्राविधिक बिल र कार्य सम्पन्नः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा

बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

६४ ठेक्का व्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २.३४ देखि ४५.३७ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नम्शका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

क्र.सं.	योजनाको विवरण	ठेक्का नं.	बोलपत्रदाता	लागत अनुमान	सम्झौता रकम	घटी प्रतिशत
१	गाउँपालिका देखी चेम्पेकुतरी सडक स्तरोन्नती	४	सिडब्लु कन्स्ट्रक्सन प्रालि	९९९९२४१	६४५७५४३	३५.४१
२	डावाचेत विरुडाँडा एसेलु रैला खोला थलगाउँ हुँदै किसपाङ चौर सम्म सडक स्तरोन्नती	३	बेत्रेश्वर निर्माण सेवा प्रालि	१९९९९९५१	१०९२५१६२	४५.३७
३	हाङ्काङस्योङ खोला मुहान गरी मनकामना फिकुरी खानेपानी योजना	७	न्यौपाने कन्स्ट्रक्सन प्रालि	८९९५२९०	६४९०१८२	२७.८४
४	४ नं वडा कार्यालय भवन निर्माण	६	न्यु बोगटी विल्डर्स	९९९९६५१	६४०३२३२	३५.९६
५	अर्चले सिरान देखि पुरानो गाउँ भडारे गोगने सिरान सडक स्तरोन्ती	५	गोडबो बदर्स निर्माण सेवा एण्ड साप्लायर्स प्रा लि	१९९९९६२१	११९४४८१५	४०.२७
६	कार्यालय प्रयोजन सवारी साधन	२	अग्नि इन्कर्पोरेट प्रा लि	३२०००००	३१२५०००	२.३४

६५ सफ्टवेयर खरिद

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले पोर्टरेन्ट वेभ डेभलप्मेन्ट सफ्टवेयर नविकरण वापत गरी रु.२९४००.०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ

६६ लागत सहभागिता

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को

भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

६७ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक नगरेको कारण गत विगत वर्ष सम्पन्न हुन नसकि अधुरा रहेका योजनाको विवरण समेत अद्यावधिक हुन सक्दैन। अतः ठेक्का अभिलेख अद्यावधिक गरि पेश गर्नुपर्दछ।

६८ **राजस्व असुली** -

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१७९,६३१.३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४०,७८७.६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६९ **बिमा नगराएकोः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ (३क) बमोजिम उपभोक्ता समितिले बिस लाख रुपयाभन्दा बढी मुल्यको निर्माण कार्य गराउदा सम्झौता रकममा विमा बापतको खर्च व्यहोर्ने रकम समावेश गरि निर्माण कार्यको बिमा गराउनु पर्ने व्यवस्था छ । यस वर्ष पालिकाले देहायका उपभोक्ता समितिमार्फत गराएको निर्माण कार्यमा बिमाा गरेको देखिएन। अतः नियमावलीमा तोकेको बिस लाख भन्दा बढीको निर्माण कार्यमा बिमा गराइ मात्र निर्माण कार्य गराउनुपर्दछ ।

भौन	कामको विवरण	सम्झौता रकम	भुक्तानी रकम
२३५।२०८१।३।२३	खुर्लुखोला पहिरो नियन्त्रण उ स	३०७२७७६।८८	२५७५०००
२४३।२०८१।३।२४	डाङचिमे खानेपानी योजना उ स	२८४३७६९	२४०००००
२।२०८१।१।१४	अधेरीखोद्या पुरानोगाउ सिचाई उ स	२८३०६५४।९१	२४०००००
३।२०८१।१।१८	अधेरीखोद्या अर्चलेफाँट सिचाई उ स	२८३१४१९।३४	२४०००००
४।२०८१।१।१८	डिस्योङ खोला कच्यात माने छतकुङ खोला सडक	२८२९५६०।१८	२३३५७५८
७।२०८१।२।६	हावाघर चिलाउने हुदै दलित टोल सडक उ स	३३८८५७३।४५	२८७५०००
११।२०८१।२।२८	बिसाङहोप गुन्सा लाम्टाङ सडक उ स	३१०१४९८।७३	२३०४७००
१४।२०८।३।२१	सल्ले स्वास्थ्यचौकी भवन निर्माण उ स	३०४६२०३।०५	१९१९००

७० **हेभी इक्विपमेण्टको प्रयोगः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न

सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

गोभौनं./मिति	**उपभोक्ता समितिको नाम**	**कामको विवरण**	**भुक्तानी रकम**	**प्रयोग गरेको हेभी उपकरण**	**हेभी उपकरणमा भएको खर्च**
२५।२०८०।११।०१	मोटरबाटो सरसफाइ तथा मर्मत सम्भार उ स	बाटो खनेको	३३६५३१	जे सि बि	३८३४०९
८१।२०८१।१।२०	छाँपडाँडा सडक बाटो निर्माण उ स	सडक खनेको	१९२०००	स्काभेटर	२२८८१३

७१ **अनुगमन भत्ताः**

बागमती प्रदेश सरकारद्वारा प्रकाशित स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सेवासुविधा सम्वन्धि ऐन,२०७५ मा स्थानिय पदाधिकारीहरुले स्थानिय क्षेत्रभित्रका योजनाहरुको अनुगमन गर्ने कार्यवापत भत्ता उपलव्ध गराउने व्यवस्था नभएकोमा पालिकाको निर्णय बमोजिम पदाधिकारीहरुलाई निम्न योजना तथा विद्यालय अनुगमन गरेवापत पदाधिकारी / कर्मचारीलाई भत्ता भुक्तानी गरेको देखियो। पदाधिकारी सुविधा प्रदेश सरकारले स्थानिय जनप्रतिनिधिको सुविधा सम्वन्धि बनाएको कानुन बमोजिम तथा कर्मचारीको हकमा प्रदेश तथा स्थानिय कानुन बमोजिम हुने व्यवस्था भएकोमा सो कानुनमा उल्लेख नभएको अवस्थामा पदाधिकारी तथा कर्मचारीलाई अनुगमन भत्ता भुक्तानी गरेकोले नियमित नदेखिएको रु

भौन	कार्यक्रम	भुक्तानी पाउने पदाधीकारी/कर्मचारी संख्या	भुक्तानीरकम
२३७।२०८१।३।२४	विभिन्न ४० वटा योजनाको अनुगमन	१३ जना	२०५७००
६६३।२०८१।३।२२	विद्यालय अनुगमन	७ जना	२१६०००
जम्मा			४२१७००

अनियमित भएको	४,२१,७००

७२ **आयकर कट्टी नगरेको** (४३-२०८०-१२-३०):

आयकर ऐन २०५८ को दफा ८८(१) बमोजिम सेवा शुल्क भुक्तानीमा १५ प्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले डिप्रोक्स नेपाललाई झोलुङ्गेपुलको परामर्श वापतको रु.२०००००.०० भुक्तानी खर्च लेखेकोमा डिप्रोक्स नेपाले मूल्य अभिबृद्धि कर विजक जारी नगरेको अवस्थामा ऐन बमोजिम १५ प्रतिशतका दरले हुने रु.३००००.०० अग्रीम आयकर कट्टा गरी भुक्तानी दिनुपर्नेमा कट्टी नगरेकोले असूल गरी राजश्व दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३०,०००

७३ **वितरण भरपाईः** (५२१-):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि हुने बिल, भरपाई सहित लेखा राख्नुपर्दछ । पालिकाले लघु उद्यमीलाई तान वितरण गर्न भगवती जीवन फर्निचरबाट १६ थान तान खरिद गरी रु.२०००००।०० भुक्तानी गरेकोमा १२ थान वितरण गरेको भरपाई पेश भएकोले वाँकी ४ थान तान रु.५००००।०० को लक्षित वर्गलाई वितरण गरेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	५०,०००

७४ **इन्धनः**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड २०७८को बुदा नं १० मा तोकिएको मापदण्डमा न्यूनतम १० प्रतिशत कटौती गरी ईन्धन खपत गर्ने, सवारी साधन प्रयोग गर्दा अनिवार्य रुपमा लगबुक भर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष इन्धन (कार्यालय प्रयोजन), इन्धन (पदाधिकारी) तथा इन्धन ब्यकहो लोडर संचालन (कार्यालय प्रयोजन) समेत रु.४०९८००९।३७ खर्च गरेकोमा उक्त खर्चको मापदण्ड तयार गर्ने तथा लगबुक तयार गरेको देखिएन । मापदण्ड तयार गरी मात्र खर्च गर्ने तथा ब्यकहो लोडरको इन्धन खर्च गर्दा मेसिन संचालन भएको अवधि समेत देखिने मिटरको फोटो र संचालन भएको अवधिको प्राविधिक मुल्यांकन सहित विवरण तयार गर्ने तर्फ ध्यानदिनुपर्दछ ।

क्र.सं.	इन्धन	बजेट	खर्च
१	इन्धन (कार्यालय प्रयोजन)	१५०००००	१४९९११०.८७
२	इन्धन (पदाधिकारी)	५०००००	४९९८०९.
३	इन्धनब्याकहो लोडर संचालन (कार्यालय प्रयोजन)	२५०००००	२०९९०८९.५
कुल जम्मा		४५०००००	४०९८००९.३७

७५ **बढी भुक्तानीः** (६२-):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम बिल भरपाई बमोजिम रकम भुक्तानी गर्नुपर्दछ । पालिकाले साउन, भाद्र र असोज महिनामा वडा बैठक भत्ता रु.४५०००।०० भुक्तानी गर्दा कर रु.६७५०।०० कट्टा गरी रु.३८२५०।०० भुक्तानी गर्नुपर्नेमा रु.४००५०।०० भुक्तानी भएकोले बढी भएको रु.१८००।०० सम्बन्धितबाट असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१,८००

७६ **खाना तथा विविध खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यो वर्ष खाना तथा विविधतर्फ (वडा समेत) रु.३२५८१३९.०० खर्च गरेको छ। उक्त रकम आन्तरिक आय रु.१७३९२४२३.०० को तुलनामा १९.८३ प्रतिशत रहेको छ। यस्तो खर्चमा प्रमाणले पुष्टी गर्ने कागजात राखि मितव्ययिता कायम गर्नुपर्दछ ।

७७ **गाडीभाडाः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) बमोजिम बिस लाख रुपैयासम्मको जुनसुकै सेवा खरिद गर्नुपर्दा कम्तिमा सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । पालिका १ मात्र गाडी रहेकोले थप गाडीका लागी व्यक्तिसंग गाडी भाडा इन्धन वाहेक मासिक दरले भुक्तानी गर्ने गरी सम्झौता गरेकोमा रु. १३७९१४३.०० भुक्तानी गरेको छ । सार्वजनिक खरिद नियमावलीले तोकेको सिमा भन्दा बढीको सोझै खरिद गरेकोले नियम सम्मत नदेखिएको रु.

सि नं	गाडी भाडा	बजेट	रकम
१	सवारीसाधन तथा मेशिनर औजार भाडा	१०,००,०००.००	९९९१९३
२	सवारी साधनतथा मेशिनर औजार भाडा	१०,००,०००.००	३७९९५०
	जम्मा	२००००००	१३७९१४३

अनियमित भएको	१३,७९,१४३

७८ **जिन्सी दाखिलाः** (७१३-२०८१-३-२४):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ (१) बमोजिम खरिद गरेको जिन्सी मालसामान ७ दिनभित्र जिन्सी खातामा आम्दानी बाध्नु पर्दछ। पालिकाले एक विद्यार्थी एक ल्यापटप डेस्कटप कार्यक्रम अन्तरगत डेल ल्यापटप ९ थान रु.७४७४९५।०० तथा प्रिन्टर ९ थानको रु.२४९१६५।०० खरिद गरी पंजी सप्लायर्स प्रा लि लाई गरी कुल रु.९९६६६०।००

भुक्तानी गरेको छ । उक्त सामग्री विभिन्न विद्यालयमा वितरण गरेकोमा विद्यालयको जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश नभएकोले दाखिला प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	९,९६,६६०

७९ **लोकसेवा तयारी कक्षाः**

पालिकाले संचालन गरेको भर्चुअल लोकसेवा तयारी कक्षा संचालन वापत भर्चुअल मल्टिप्रपोज प्रा.लि. लाई रु.४९५५००।०० भुक्तानी गरेको छ । सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ ।

७९.१ (५२०-२०८१-२-७):

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ बमोजिम सार्वजनिक निकायले कुनै पनि खरिद कार्यको लागि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले लोकसेवा तयार कक्षा संचालन गर्न कोटेशन मार्फत सेवा खरिद गरेकोमा लागत अनुमान तयार गरेको देखिएन ।

७९.२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि हुने बिल, भरपाई सहित लेखा राख्नुपर्दछ । लोकसेवा कक्षा संचालन गर्न परामर्शदाताले पेश गरेको खर्चको बर्गिकरण बमोजिम विभिन्न खर्च भुक्तानी गरेकोमा भर्चुअल माध्यमबाट हुने कक्षामा देहायका खर्च नहुने देखिएकोले उक्त रकम सम्वन्धितबाट असुल हुनुपर्ने रु...

सि नं	विवरण	कार्यक्रम संख्या	रकम
१	खाजा पानी चिया	१००	५७००
२	स्टेशनरी	१००	४७००
३	विविध	१००	१२०००
	जम्मा		२२४००

असुल गर्नुपर्ने	२२,४००

७९.३ **बढी अवधिको खर्च भुक्तानीः** गाउँपालिका र परामर्शदाता बिच मिति २०८०।१०।१६ गतेका दिन भएको सम्झौता अनुसार हस्ताक्षर भएको मितिबाट २०८० चैत्र ३० गते सम्म कक्षा संचालन गर्ने उल्लेख भए अनुसार ७३ दिनको कक्षा वापतको पारिश्रमिक खर्च भुक्तानी गर्नुपर्नेमा १०० दिनको कर वाहेक रु.२५०५००।०० खर्च भुक्तानी गरेकोले २७ दिनको बढी भुक्तानी भएको रु.७६४२७.०० (मुल्य अभिवृद्धि कर समेत) भुक्तानी दिन मिल्ने आधार पेश गर्ने अन्यथा विज्ञ प्रशिक्षक भत्ता वापतको रकम असुल हुनुपर्ने रु ७६४२७

क्रम	कर्मचारीको नाम	असुली रकम
७९.३.१	किस्पाङ गाउपालिका	७६,४२७

प्रमाण पेश नगरेको	७६,४२७

७९.४ **कार्यालयले गर्ने खर्च परामर्शदातालाई भुक्तानीः** कार्यालयले संचालन गरेको कार्यक्रमको अनुगमन तथा मुल्यांकन र कार्यक्रमको प्रतिवेदन पेश गर्ने कार्य कार्यालयबाट तोकिएको फोकल व्यक्ति तथा शाखाबाट हुनुपर्नेमा परामर्शदातालाई भुक्तानी गरेकोले रु.९०४००.००थप व्ययभार परेकोले नियम सम्मत नभएको रु.....

सि नं	विवरण	कार्यक्रम संख्या	रकम
१	अनुगमन	१००	२७०००
२	प्रतिवेदन लेखन	१००	१३०००
३	कार्यक्रम संयोजक तथा सहयोगी भत्ता	१००	५०४००
	जम्मा		**९०४००**

अनियमित भएको	९०,४००

८० **दोहोरो सुविधाः**

स्थानिय तहको पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (संशोधन समेत) बमोजिम अनुसुची १ क मा उल्लेख भए बमोजिम सेवासुविधा उपलब्ध गराउने व्यवस्था छ । पालिकालेसवारी साधन उपलब्ध नगराएकोले वडा अध्यक्षलाई कानुन बमोजिम यातायात खर्च बापत मासिक तोकिएको बमोजिम सुविधा रु.४०००।- भुक्तानी गरेको छ । यातायात सुविधा वापत मासिक भुक्तानी लिएको अवस्थामा पुनः निजि गाडी मर्मत तथा इन्धनबापत भुक्तानी दिएकोले दोहोरो भुक्तानी भएकोले मोटरसाइकल मर्मत, तथा इन्धन वापत भुक्तानी भएको रकम रु. ४०५९४९।०० असुल हुनुपर्ने रु.

वडा नं	वडा पद नाम	गाडी नं	मर्मतको बिल भुक्तानी	इन्धन खर्च (२० लि.)	जम्मा
१	वडा नं १ वडा अध्यक्ष श्री पशुपत्ति घले	बा ८७ प ६८०७	५१४००	४०८००	९२२००
२	वडा नं २ वडा अध्यक्ष श्री बद्री देवकोटा	प्र.३-०२-००१-ब.५८९२	७१५४९	४०८००	११२३४९
३	वडा नं ३ वडा अध्यक्ष श्री सुरेन्द्र बहादुर तामाङ	बा.९४ प. ८५५५	४५१००	४०८००	८५९००
४	वडा नं ५ वडा अध्यक्ष श्री प्रकस डिम्डुङ तामाङ	बा.५८ प. ३४७८	७४७००	४०८००	११५५००
	जम्मा		२४२७४९	१६३२००	४०५९४९

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **११८,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	४,०५,९४९

८१ **पदाधिकारी इन्धन सुविधा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको ऐन २०७७ अनुसार सेवा सुविधा प्रदान गर्दा तोकिएको अनुसुचीको आधारमा मात्र दिनुपर्ने व्यवस्था रहेको छ । अध्यक्षले इन्धन सुविधा मासिक रुपमा ८० लिटरका दरले बार्षिक ९६० लिटर डिजेल/ पेट्रोल पाउनेमा १२१३ लिटर उक्त गाडीमा कुपन मार्फत रु.१९२९५०।०० खर्च भएको विवरण प्राप्त भएकोले २५३ लिटरको रु.१५९.०७ का दरले रु.४०२४४।७१ बढी खर्च भएको देखियो । सो सम्वन्धमा पालिकाले छलफलको क्रममा अतिथि आवतजावत, कार्यालय प्रयोजनमा प्रयोग हुने, भौगोलिक विकटता र प्रदेश राजधानी हेटौडा अफिस कामकाजमा बढी जान परेकोले बढी खर्च हुन गएको जनाएको छ । उक्त गाडी कार्यालय काममा प्रयोग भएको अतिथि ओसारपसार र अध्यक्षले प्रयोग गरेको स्पष्ट देखिने गरी लगबुक भरी यकिन गर्नुपर्दछ । अतः सुविधा सम्वन्धि ऐनले तोके भन्दा बढी इन्धन खर्च नभएको सुनिश्चित हुनुपर्दछ ।

८२ **सामाजिक सुरक्षाः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए

सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले सानिमा बैङ्क मार्फत ५ वटा वडामा सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कहरुमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिँदा बैङ्कलाई निकासा भएको रकम रु.६४९७७५०७.०० मध्ये रु.६३३३७२०८.०० वितरण भएकोमा रु.१६४०२९९.०० बैङ्कमा बाँकी रहेको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको देखियो । आर्थिक वर्षको अन्त्यमा फिर्ता गरी सक्नुपर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : किस्पाङ गाउँपालिका, नुवाकोट , किस्पाङ गाउँपालिका , नुवाकोट

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	केदार प्रसाद खतिवडा	२०८०-५-८	२०८१-४-८
कार्यालय प्रमुख	होम बहादुर राउत	२०८१-३-२२	
लेखा प्रमुख	Suman Devkota	२०७९-१२-२४	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,१०६,११७.०९	९,९६१,६१२.८९	३,६६७,१७३.३९	०	५४६,६९९.१४	०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					१६,२८१,६०२.५१
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					१,२३५,१८७.१४
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					१५,०४६,४१५.३७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१६२९२३२०	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२३१०९३२५०	चालु खर्च	२११८०७०००
प्रदेश सरकारबाट अनुदान	५७११७४३६	पूँजीगत खर्च	११९५६८०००
राजश्व बाँडफाँट	६९०३९३४०	वित्तीय/अन्य व्यवस्था	१३८००२२४९
आन्तरिक आय	१७३९२४२२		
अन्य आय	९९६५१७२९		
कुल आय	४७४२९४१७७	कुल खर्च	४६९३७७२४९
बाँकी मौज्दात		२१२०९२४८	

अनुसूची - २

बेरूजु दफा २.२ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)						
क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार
			नगद	तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	जम्मा
	राजस्व,अनुदान र अन्य प्राप्ति					
११०००	कर		६,७७,७२,३८५.०९	०	६,७७,७२,३८५.०९	१,१०,८२,६१९.२६
१३०००	अनुदान		२४,६९,९२,३०८.४३	०	२४,६९,९२,३०८.४३	३३,०८,६२,७४३.००
१४०००	अन्यराजस्व		१,०९,५६,८२५.२८	०	१,०९,५६,८२५.२८	१,२९,८६,६६८.९२
क	**कुलजम्मा प्राप्ति**		**३२,५७,२१,५१८.८०**		**३२,५७,२१,५१८.८०**	**३५,४९,३२,०३१.१८**
३	चालु		२१,१८,०७,११६.८८	०	२१,१८,०७,११६.८८	२१,६०,७३,५७९.५६
२१०००	पारिश्रमिक / सुविधा		१४,२८,६७,६४०.२१	०	१४,२८,६७,६४०.२१	१३,९३,७३,१३६.५६
२२०००	मालसामानतथा सेवाको उपयोग		६,६०,६८,७५३.६७	०	६,६०,६८,७५३.६७	७,०२,५५,२९५.००
२७०००	सामाजिकसुरक्षा		१०,९७,१९०.००	०	१०,९७,१९०.००	२९,७४,५७५.००
२८०००	अन्यखर्च		१७,७३,५३३.००	०	१७,७३,५३३.००	३४,७०,५७३.००
४	पूंजीगत		११,९५,६८,६०१.००	०	११,९५,६८,६०१.००	१८,३७,३२,६६०.३४
३१११०	भवनतथा संरचना		१,८०,८०,४१७.००	०	१,८०,८०,४१७.००	२,०१,०९,५६५.००
३११२०	सवारीसाधन,मेशिनरी औजार,फर्निचर्स तथा फिक्चर्स		४५,६०,५२४.००	०	४५,६०,५२४.००	७३,३०,९६२.००
३११३०	अन्यपूँजीगत खर्च		९,७९,४९३.००	०	९,७९,४९३.००	३२,१८,५३२.००
३११५०	सार्वजनिकनिर्माण		९,५९,४८,१६७.००	०	९,५९,४८,१६७.००	१५,३०,०७,२८१.३४
३१३१०	बहुमूल्यसामानहरु		०	०	०	६६,३२०.००
ख)	**कुलजम्मा भुक्तानी**		३३,१३,७५,७१७.८८		३३,१३,७५,७१७.८८	३९,९८,०६,२३९.९०
ग)	**बचत /कमी (ग = क-ख)**		(५६,५४,१९९.०८)		(५६,५४,१९९.०८)	(४,४८,७४,२०८.७२)

घ)	**धरौटी,आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)**		(१४,२७,२८९.६४)		(१४,२७,२८९.६४)	(४,२४,३४९.००)
घ.१)	**कट्टीरकम भुक्तानी/दाखिला गर्न बाकी**		(१,०५,४९१.००)		(१,०५,४९१.००)	
ङ)	**यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**		(७०,८१,४८८.७२)		(७०,८१,४८८.७२)	(४,५२,९८,५५७.७२)
च)	**गतआ.व.को नगद तथा बैंक मौज्दात**		२,०५,८७,४६५.७९		२,०५,८७,४६५.७९	८,८५,४२,४१०.८८
छ)	**विनिमयनाफा/घाटा तथा अन्य समायोजन**					
ज)	**आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**		१,३५,०५,९७७.०७		१,३५,०५,९७७.०७	४,३२,४३,८५३.१६

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल हुनुपर्दछ ।